# नेत्रावती डबजोड गाउँपालिका

**सेमजोड, धादिङ**

# वार्षिक नीति तथा कार्यक्रम

**आ.ब. २०७५।७६**

**२०७५ साल असार १० गते**

नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभाका सभाध्यक्ष, गाउँसभाकासदस्य ज्यूहरु, अतिथि ज्यूहरु, सम्पुर्ण कर्मचारीहरु तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय सरकार सञ्चालन भएको लगभग एक बर्ष पुरा भइसकेको यो समयमा हामी यहाँ आगामी आ.व. ०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौ । यो एक बर्षमा स्थानीय सरकार सञ्चालन गर्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, पत्रकारहरु र नागरिकहरुमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छौ । आगामी दिनमा पनि यस्तै सहयोग, सुझावको अपेक्षा गर्दछौ ।
यो एकबर्षको बिचमा भएको विकास निर्माणका कार्यहरु, सेवा प्रवाहका बारेमा यहाँहरुले मूल्यांकन गर्नुभएको छ । मलाई लाग्छ आम सर्वसाधारण जनताले परिवर्तनको महसुस गर्नुभएको छ । हामीले 'सिंहदरवारको अधिकार गाउँगाउँमा' भन्ने गरेको भनाईजस्तै स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने सेवा सर्वसाधारण समक्ष पुगेको छ । कर्मचारी अभाव र हामी जनप्रतिनिधिको अनुभवको कमीले अपेक्षाकृत सफलता हासिल गर्न नसकेको कुरालाई हामी स्वीकर्दछौं । आगामी दिनमा कमीकमजोरीलाई सच्याउँदै अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।
उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस नेत्रावती डबजोङ गाउँपालिकाको आगामी आ.व.०७५।७६ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. निर्वाचित जनप्रतिनिधि आएको एक बर्ष पूरा भईसकको अवस्थामा गाउँपालिकाको सेवालाई जनताको नजिक पुऱ्याउन आवश्यक कदम चालिनेछ । गाउँपालिकामा पुर्वाधार विकास निर्माणका कार्यहरुलाई जनमूखी, पारदर्शी, परिणाममूखी बनाउनेछ ।

२. पाँच बर्षभित्र नेत्रावती गाउँपालिकालाई पर्यटकीय हबको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिदै धार्मिक ऐतिहासिक पर्यटकीय क्षेत्रको विकास गर्ने । यसको लागि आ.व. ०७५/७६ मा वाकाराहा देखि डबजोङ वाईवा राजा दरवार क्षेत्र हुँदै ताङ्जोमाने सम्म एक सय आठ (१०८) चैत्य सहितको पदमार्ग निर्माण तथा सिङ्लाको डाँडामा पच्चिस फिट अग्लो बुद्ध मुर्ती निर्माण गर्न आगामी आ.व.मा विस्तृत अध्ययन गर्ने तथा पर्यटन पबर्द्धन गर्न डकुमेन्ट्री निर्माण गर्ने । यसलाई चार बर्षभित्र सम्पन्न गर्नको लागि संघीय सरकारसँग सहकार्य गर्ने ।
३. सेमजोङ ताङ्जोमाने किन्ताङफेदी हुँदै टोड्के भोगटेनी सेमजोङसम्म पक्की रिङरोड बनाउने योजना अनुसार पोल्चेत देखि लामिडाँडा सम्म नयाँ ट्र्याक निर्माण गर्ने र बाँकी सडक सात मिटर चौडा पार्ने काम आ.व. ०७५।७६ मा गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र रहेको काठको पोललाई ग्याल्भानाईज्ड फलामे पोलले विस्थापित गरी काठको पोल मुक्त गाउँपालिका बनाईनेछ । यसको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

५. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्ने गरी विद्यालयको अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाईनेछ । विद्यालयको गुणस्तर बृद्धि गर्न प्र.अ. सँग कार्यसम्पादन सम्झौता गर्ने र कार्यसम्पादनमा कमजोर देखिएमा सम्झौता रद्द गरिनेछ । आ.व. ०७५।७६ मा यस गाउँपालिकाको सबै मा.वि. ई हाजिर जडान गरिनेछ । विद्यार्थी संख्या कम भएको विद्यालयलाई नजिकको विद्यालयसँग मर्ज गर्नका लागि आवश्यक कार्य गरिनेछ । स्थानीय भाषा संरक्षण गर्न कम्तीमा दुई जना शिक्षकशिक्षिकालाई भाषा तालिम दिने नीति लिईएको छ । विद्यालय निर्माण, घेरावार निर्माण विनियोजन गरेको छु । विद्यालयमा अध्ययनरत बालबालिकाको लागि विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

६. वडा नं. २ मा बालउद्यान निर्माण गरिनेछ । एक वडा एक खेलमैदान नीति अनुसार आ.व. ०७५।७६ मा वडा नं. ४ मा स्तरिय खेल मैदान निर्माण गर्न रु १० लाख र वडा नं. २ मा बालउद्यान निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

७. नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने मौलिक हकलाई सुनिश्चितता गर्न गाउँपालिका भित्र रहेको स्वास्थ्य संस्थाको क्षमता बृद्धि गरिनेछ । नेपाल सरकारको घरमा हुने सुत्केरीको संख्यालाई शुन्यमा झार्ने नीतिलाई कार्यान्वयन गर्न सबै स्वास्थ्य चौकी र स्वास्थ्य ईकाईमा चौविसै घण्टा सेवा दिने गरी अनमीको व्यवस्था गरिनेछ । । नेपाल सरकारले घोषणा गरेको निशुल्क उपलब्ध गराउन पर्ने औषधिको लागि आवश्यक व्यवस्था गरिनेछ तथा औषधी खरिद प्रक्रियामा हुने ढिलासुस्तीलाई अन्त्य गरी समयमै औषधी उपलब्ध गरिनेछ । आधारभूत स्वास्थ्य सेवा सम्बन्धि ज्ञान जनस्तरमा प्रवाह गर्न स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ साथै प्रोत्साहन स्वरुप भत्ता व्यवस्था गरिनेछ। १५ शैयाको अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन यसै आ.व.मा गरिनेछ । नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई अघि बढाईनेछ । घुम्ती स्वास्थ्य शिविर सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । नसर्ने रोगको न्यूनीकरण गर्ने र मानसिक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।

८. विशेषगरी बर्षायाममा खहरेखोलाले निम्त्याउने प्राकृतिक विपत्ती रोक्न उचित कार्यक्रम ल्याईनेछ । भुक्षय नियन्त्रणको लागि तारजाली खरिद गर्न रु. १५ लाख विनियोजन गरेको छु । प्राविधिक प्रतिवेदनको आधारमा तारजाली खरिद गरिनेछ । गाउँपालिकाभित्र निर्माण गरिने सडकमा बायोईन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ । विपद् व्यवस्थापन कोषको लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

९. गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि एक घर एक कम्पोष्ट खाल्डोको नीति लिईनेछ । टोल सुधार समितिलाई फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि अभिमुखीकरण तालिम दिईनेछ । गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र र खुल्ला दिशामुक्त क्षेत्र बनाईनेछ । । वातावरण संरक्षण वन जंगल, नदीनाला संरक्षण र संवर्द्धन गर्ने र खाली ठाउँमा बृक्षरोपण गरिनेछ । वन्यजन्तु तथा चराचुरुङगीको चोरी सिकारी नियन्त्रण गरिनेछ ।

१०. सहकारी क्षेत्रमा भइरहेको विकृतिलाई अन्त्य गर्दै सहकारी क्षेत्रलाई रोजगारमुखी बनाइनेछ । एकै प्रकृतीका सहकारीहरु मर्ज गरी गाउँपालिकामा क्षेत्रगत एक सहकारी मात्र सञ्चालन गर्ने नीति लिईनेछ । गाउँपालिकाबाट हुने अनुदानको कार्यक्रममा सहकारी संस्थालाई आवद्ध गरिनेछ ।

११. गाउँपालिकाको सम्पूर्ण कार्यालयहरुलाई विद्युतीय सूचना प्रविधिमैत्री बनाइनेछ । यसको लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

१२. गाउँपालिकाबाट हुने सम्पूर्ण कार्यलाई पारदर्शी बनाई वित्तिय अनुशासन कायम गरिनेछ । प्रत्येक तीन महिनामा सार्वजनिक सुनुवाई मार्फत गाउँपालिकाले गरेका कामहरुको जानकारी दिइनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सम्पूर्ण भवनको नक्सा पास अनिवार्य गरिएको छ ।

१४. ऐतिहासिक पुरातात्विक महत्वको मठ मन्दिर, गुम्बा, पार्टी पौवाको संरक्षण र संवर्द्धन गरिनेछ । बौद्ध शिक्षा शिविर सञ्चालन गरिनेछ । डबजोङ दरवार संरक्षणको लागि पुरातात्विक विभागसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ ।

१५. कृषि सडक विस्तार गरी कृषिजन्य वस्तुलाई बजार सम्म पुग्ने वातावरण निर्माण गरिनेछ ।

१६. गाउँपालिकामा बहुमुखि क्याम्पस सञ्चालन गर्न पुर्वाधार तयार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१७. गाउँपालिका भित्र खानेपानीको मुहान विवाद गर्न नपाईने तथा मुहान दर्ता गर्न नपर्ने नीति लिईएको छ । खानेपानीको अभावलाई मुक्त गर्न आवश्यक व्यवस्था गरिनेछ । कटुञ्जे बजार क्षेत्रको खानेपानी समस्या समाधान गर्न डिप बोरिङ गर्नको लागि रु. ६० लाख बजेट विनियोजन गरेको छु । मिटर जडित एक घर एक धारा प्रणालीलाई अवलम्वन गरी खानेपानीको वितरणलाई सहज बनाईनेछ ।

१८. गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण उद्योग व्यवसायलाई दर्ता गराई करको दायरामा ल्याईनेछ । कालोबजारी, कार्टेलिङ र सिन्डिकेटको विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

१९. सामाजिक सुरक्षा भत्ता आ.व. ०७५।७६ मा बैंक मार्फत वितरण गर्ने कार्य सुरुवात गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली सहज बनाइनेछ । यसको लागि रु.३ करोड ६० लाख रकम विनियोजन गरेको छु ।

२०. योजना तर्जुमा, कार्यान्वयन तथा नीति निर्माणमा महिला, दलित, जनजाती, बालबालिका, अपाङ, अल्पसङ्ख्यकको अर्थपूर्ण सहभागिता गराउने नीति लिईनेछ । समावेशीकरणको लागि क्षमता विकास कार्यक्रम र पूर्वाधार विकासको लागि बजेट विनियोजन गरेको छु ।

२१. हरेक महिना श्रमदान गर्ने नीति लिइएको छ । आ.व. ०७५।७६ बाट गाउँपालिकाबाट विनियोजित योजनामा नगद लागत सहभागिता हुनुपर्ने नीति लिईनेछ । योजना सम्झौता गर्न आउँदा उपभोक्ताको

तर्फबाट गरिने नगद लागत सहभागिता वापतको रकम गाउँपालिकाको सञ्चित कोष खाता उपभोक्ता समितिले नगद जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

२२. कर्मचारीको क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ । अनुगमन र मूल्यांकन को आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

२३. गुनासो व्यवस्थापनलाई चुस्त दुरुस्त बनाईनेछ । नागरिकको गुनासो सुन्ने र सम्बोधन गर्न कम्तीमा महिनाको एकपटक जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. न्यायिक समितिको काम कारवाहीलाई जनमुखी बनाईनेछ ।

२५. गैह्रसरकारी संस्थाको आफुखुसी कार्यक्रम गर्ने पद्धतिलाई अन्त्य गरी आवश्यकतामा आधारित कार्यक्रमलाई गाउँसभाबाट स्वीकृत गरेर मात्र काम गर्न दिईनेछ । गैह्रसरकारी संस्थाको कामकारवाहीको अनुगमन गरी पारदर्शी बनाईनेछ ।

२६. सर्वसाधारण जनताको स्वास्थ्यमा गम्भीर असर गर्ने कमसल खालको मदिराजन्य पदार्थको विक्रिवितरणलाई निषेध गरिनेछ ।

२७. वालविवाह, घरेलु हिंसा, लैगिंक हिंसा तथा बालश्रमको न्यूनीकरण गर्न आवश्यक कार्यक्रम ल्याईनेछ ।

धन्यवाद ।